आज मिति २०८२ साल असोज ५ गते आईतवारका दिन दिउसो २:०० बजे बजे यस नगरपालिकाका प्रमुख श्री सुरेन्द्र श्रेष्ठको अध्यक्षतामा देहायको उपस्थितिमा नगरकार्यपालिकाको ४१ औ बैठक बस्यो।

तपसिल

| क्र.स | पद | नाम ,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री सुरेन्द्र श्रेष्ठ | उपस्थित |
| २ | उप प्रमुख | श्री बिजय कृष्ण श्रेष्ठ | उपस्थित |
| ३ | वडा अध्यक्ष,वडा नं.१ | श्री बाबुकाजी डंगोल | उपस्थित |
| ४ | वडा अध्यक्ष,वडा नं.२ | श्री श्रीकृष्ण श्रेष्ठ | उपस्थित |
| ५ | वडा अध्यक्ष,वडा नं.३ | श्री कृष्णहरी आर्चाय | उपस्थित |
| ६ | वडा अध्यक्ष,वडा नं.४ | श्री बालकृष्ण (पात्या) श्रेष्ठ | उपस्थित |
| ७ | वडा अध्यक्ष,वडा नं.५ | श्री बालकृष्ण श्रेष्ठ | उपस्थित |
| ८ | वडा अध्यक्ष,वडा नं.६ | श्री ज्ञानदाश प्रजापति | उपस्थित |
| ९ | वडा अध्यक्ष,वडा नं.७ | श्री कृष्ण कुमार प्रजापति | उपस्थित |
| १० | वडा अध्यक्ष,वडा नं.८ | श्री रमेश थापा श्रेष्ठ | उपस्थित |
| ११ | वडा अध्यक्ष,वडा नं.९ | श्री सानु काजी राजबहाक | उपस्थित |
| १२ | कार्यपालिका सदस्य | श्री सरस्वती खड्का | उपस्थित |
| १३ | कार्यपालिका सदस्य | श्री सिता विश्वकर्मा | उपस्थित |
| १४ | कार्यपालिका सदस्य | श्री शर्मिला विश्रकर्मा | अनुपस्थित |
| १५ | कार्यपालिका सदस्य | श्री उजला थापा श्रेष्ठ | अनुपस्थित |
| १६ | कार्यपालिका सदस्य | श्री तुईल माया चक्रधर | उपस्थित |
| १७ | कार्यपालिका सदस्य | श्री सरोज परियार | उपस्थित |
| १८ | कार्यपालिका सदस्य | श्री जसे सार्की | अनुपस्थित |
| १९ | कार्यपालिका सदस्य | श्री बालकृष्ण परियार | उपस्थित |
| २० | सचिव | श्री भोज राज घिमिरे | उपस्थित |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| १ | महाशाखा प्रमुख | श्री केशब सिलवाल | उपस्थित |
| २ | महाशाखा प्रमुख | श्री ज्ञानेन्द्र प्रसाद भट्ट | उपस्थित |
| ३ | महाशाखा प्रमुख | श्री तुलशी भक्त तको | उपस्थित |
| ४ | ब.ले.अ | श्री सुमित्रा पौडेल | उपस्थित |
| ५ | ब.ई | श्री कृष्ण गोपाल श्रेष्ठ | उपस्थित |
| ६ | प्रशासन शाखा | श्री सुब्रिन कुमार चिमौरिया | उपस्थित |

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

छलफलका विषयहरुः
१.क्षति सम्वन्धमा ।
३.विविध।

निर्णय नं १ :

२०८२ भदौ २३ र २४ गते भएको Gen-Z समुहका युवाहरुको प्रदर्शनको क्रममा यस कार्यालय र अन्तर्गतका कार्यालयहरुमा भएको धनजन र भौतिक संरचना समेतको सन्दर्भमा देहाय बमोजिमका गर्ने निर्णय गरियो ।

क. २०८२ भदौ २३ र २४ गते भएको Gen-Z समुहका युवाहरुको प्रदर्शनको क्रममा ज्यान गुमाउनु भएका सम्पूर्ण प्रदर्शनकारी र प्रहरी कर्मचारीहरूमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै सोही क्रममा घाइते भई उपचारको क्रममा रहनु भएका सम्पूर्णमा शीघ्र स्वास्थ्य लाभको कामना गर्ने ।

ख. २०८२ भदौ २३ र २४ गते भएको Gen-Z समुहका युवाहरुको प्रदर्शनको क्रममा यस नगरपालिका सहित सार्वजनिक तथा निजी सम्पत्तिमा भएको क्षतिले देशलाई ठूलो नोक्सानी पुगेकोमा नगरपालिका गहिरो दुःख व्यक्त गर्दछ । साथै नगरपालिका भवनमा थप क्षति हुनवाट वचाउन पहल गर्नुहुने सम्पूर्ण स्थानीय नगरवासीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्ने ।

ग. २०८२ भदौ २३ र २४ गते भएको Gen-Z समुहका युवाहरुको प्रदर्शनको प्रभावबाट मध्यपुर थिमि नगरपालिका पनि अछुतो रहन नसकेको अवस्थामा, ती घटनालाई बिर्सेर अगाडि बढ्ने प्रतिबद्धता सहित नगरपालिकाले जनजीवन सामान्य बनाउन आवश्यक पहल गर्ने ।

घ. २०८२ भदौ २३ र २४ गते भएको Gen-Z समुहका युवाहरुको प्रदर्शनको क्रममा ऐ २४ गतेका दिन भएको भए गरेका तोडफोड र आगजनीबाट यस कार्यालय र अन्तर्गतका कार्यालयहरुमा धनजन र भौतिक संरचना नगद तथा जिन्सी लगायतका गरी रु २,४४,१३,६१०.४० ( अक्षेरेपी दुई करोड चौवालिस लाख तेह्र हजार छ सय दश रुपैया चालिस पैसा मात्र ) क्षति भएको जानकारी भयो । यस कार्यालय र अन्तर्गतका कार्यालयहरुमा क्षति भएको भौतिक संरचना , मेसेनरी सामाग्रीहरु , सवारी साधनहरु समेत मर्मत गर्न कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं २ :

नगरपालिकाको प्रशासकीय भवन निर्माण गर्ने प्रयोजनका लागी बातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली, २०७७, बागमती प्रदेश वातावरण संरक्षण ऐन, २०७७,मध्यपुर थिमि नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०८२ र मध्यपुर थिमि नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्यांकन कार्यविधि, २०८२ अनुसार परामर्दाता श्री **Greenwich Environmental and Engineering Consult Pvt. Ltd., Midbaneshwor., Kathmandu** बाट तयार भई पेश भएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन मध्यपुर थिमि नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०८२ को दफा ६ को उपदफा ५ बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

मध्यपुर थिमि नगरपालिका स्थानीय सरकार २०७३

तेज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ३ :

नगरपालिकाको प्रशासकीय भवन निर्माण गर्न एघारौं नगरसभावाट स्वीकृत डि. पि. आर. बमोजिम चालु आर्थिक वर्ष २०८२/०८३ को दररेट अनुसार अध्यावधिक गरिएको लागत अनुमान रकम रु. ५८,६८,५१,११३.३१ अक्षरुपी अन्ठाउन्न करोड अठसठ्ठी लाख एकाउन्न हजार एक सय तेह्र रुपैंया र पैसा एकतीस मात्र ( भ्याट, प्रोभिजनल सम, प्राईस एड्जस्टमेन्ट १० प्रतिशत र कन्टिजेन्सी ३ प्रतिशत सहित) समर्थन गरियो ।

निर्णय नं ४ :

नगरपालिकाको प्रशासकीय भवन निर्माण गर्न खरिद विधि, खरिद गुरु योजना, बार्षिक खरिद योजना, बोलपत्र मूल्यांकनको मापदण्ड र बोलपत्रका कागजात स्वीकृत गरी आगामी आर्थिक वर्षहरुमा समेत स्रोत सुनिश्चित हुने गरी तत्काल वहुबर्षीय ठेक्काको खरिद प्रक्रिया शुरु गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं ५ :

यस मध्यपुर थिमि नगरपालिकाको वडा नं. ४ र ५ को एस. एस. कलेज हुदै हनुमन्ते जोड्ने सडक चखु हनुमन्ते सडक निर्माण योजनामा बागमती प्रदेश समपुरक अनुदान ( ३० प्रतिशत ) रु ९० लाख र नगरपालिकाको ( ७० प्रतिशत) रु २ करोड १० लाख सहित जम्मा रु ३ करोड मात्र विनियोजन भएकोमा प्राविधिक लागत अनुमान रु ३,५९,६१,२११.०९ अक्षरुपी तीन करोड उनान्साठ्ठी लाख एकसठ्ठी हजार दुई सय एघार रुपैंया नौ पैसा मात्रको पेश भएकोले थप रकम रु साठ्ठी लाख मात्र चालु आर्थिक वर्षको भैपरी पूंजीगत शिर्षकबाट रकमान्तर गरी थप विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ६ :

यस मध्यपुर थिमि नगरपालिकाको वडा नं. ६ को कुण्डोल मूल सडक निर्माण वडा नं ६ योजनामा बागमती प्रदेश समपुरक अनुदान(३०प्रतिशत) रु ६६ लाख र नगरपालिकाको(७०प्रतिशत) रु १ करोड ५४ लाख सहित जम्मा रु २ करोड २० लाख मात्र विनियोजन भएकोमा प्राविधिक लागत अनुमान रु २,३३,४१,१०५.९३ अक्षरुपी दुई करोड तेत्तीस लाख एकचालिस हजार एक सय पाँच रुपैंया त्रियानब्बे पैसा मात्रको पेश भएकोले थप रकम रु १३ लाख ५० हजार मात्र चालु आर्थिक वर्षको समपुरक म्याचिङ्ग शिर्षकबाट रकमान्तर गरी थप विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ७ :

यस मध्यपुर थिमि नगरपालिकाको वडा नं. ९ को सेन्ट्रल किचेन निर्माण गर्नका लागी रकम रु १५ लाख ६५ हजार मात्र चालु आर्थिक वर्षको भैपरी पूंजीगत शिर्षकबाट रकमान्तर गरी विनियोजन सहित कार्यक्रम स्वीकर्त गर्ने निर्णय गरियो ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ८ :

नगरपालिका र विश्व खाध्य कार्यक्रमको साझेदारीमा निर्मित केन्द्रिय भान्छाघर संचालन तथा व्यवस्थापन गर्ने प्रयोजनका लागि केन्द्रिय भान्छाघर संचालन तथा व्यवस्थापन कार्यविधि २०८२ स्वीकत गर्ने निणय गरियो ।

तपसिल

मध्यपुर थिमि नगरपालिकाको केन्द्रिकृत भान्छाघर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

प्रस्तावना:प्रत्येक विद्यालयमा दिवा खाजा तयारीका लागि अलग अलग भाञ्छाको व्यवस्था गर्दा लाग्ने समय, श्रम, लागत र गुणस्तरजस्ता पक्षलाई समेत मध्यनजर गरी एकै स्थानमा दिवा खाजा तयार पारी विद्यालयमा उनीहरुकै माग बमोजिम आपूर्ति गराउने गरी मध्यपुर थिमि नगरपालिका र विश्व खाद्य कार्यक्रमको लागत साझेदारीमा निर्मितकेन्द्रिकृत भान्छा घर सञ्चालन र व्यवस्थापनका लागिस्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ एवं मध्यपुर थिमि नगरपालिकाको नगर शिक्षा ऐन २०७९ को दफा ४७ बमोजिम मध्यपुर थिमि नगरपालिकाले केन्द्रीकृत भान्छा घरसञ्चालन तथा व्यवस्थापनसम्वन्धी कार्यविधि,२०८२स्वीकृत गरी जारी गरेको छ।

परिच्छेद-१

संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम"केन्द्रीकृत भान्छाघर सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८२रहेकोछ।

(२) यस कार्यविधिमध्यपुर थिमि नगरपालिकाको नगर कार्यपालिकाबाट स्वीकृत भईमध्यपुर थिमि नगरपालिका स्थानीय राजपत्रमा प्रकाशन भएकोमिति देखि लागू हुनेछ।

२. परिभाषा:विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) मन्त्रालय भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्दछ।

(ख) महाशाखा भन्नाले सामाजिक विकास महाशाखा सम्झनु पर्दछ।

(ग) शाखा भन्नाले शिक्षा, युवा तथा खेलकूद शाखा सम्झनु पर्दछ।

(घ) "केन्द्र"भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनु पर्दछ।

(ङ) नगरपालिका भन्नाले मध्यपुर थिमि नगरपालिका सम्झनु पर्दछ।

(च) "विद्यालय"भन्नालेमध्यपुर थिमि नगरपालिका भित्र सञ्चालनमा रहेका सार्वजनिक/सामुदायिक विद्यालय सम्झनु पर्दछ।

(छ) "केन्द्रीकृत भान्छाघर"भन्नाले स्वच्छ,पोषणयुक्त, गुणस्तरीय खाजा तयार गरी निर्धारित समयभित्र लक्षित सवै विद्यार्थीलाई वितरण गर्ने प्रयोजनका लागि मध्यपुर थिमि नगरपालिका वडा नं. ८ माअवस्थित भवन सम्झनुपर्दछ।

(ज) "सेवाप्रदायकसंस्था"भन्नालेपोषणयुक्त दिवाखाजा उपलब्ध गराउन नगरपालिकाले छनौट गरेको संस्थालाई जनाउनेछ।

(झ) "सहयोगी संस्था" भन्नाले दिवाखाजको लागि भौतिक, आर्थिक तथा शैक्षिक रुपमा सहयोग पुर्याउने संस्थालाई जनाउनेछ।

(ञ) "शिक्षासमिति"भन्नाले मध्यपुर थिमि नगरपालिकाको नगर शिक्षा समिति सम्झनु पर्छ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका



राज घिमिरे ... अधिकृत

परिच्छेद-२

## उद्देश्य

३. केन्द्रीकृत भान्छा घर सञ्चालनको उद्देश्यः(१)स्वच्छ,पोषणयुक्त रगुणस्तरीय खाजा तयार गरी तोकिएका विद्यालयका विद्यार्थीलाई दैनिक रूपमाएकै किसिमको खाजा उपलब्ध गराउने प्रबन्ध मिलाउने।

(२) समय, लागत र श्रमको बचत गर्दै खाजाको गुणस्तरमा एकरुपता ल्याउने।

परिच्छेद-३

## केन्द्रीकृत भान्छा घर सञ्चालन तथा व्यवस्थापन

४. केन्द्रीकृत भान्छा घर सञ्चालन तथा व्यवस्थापनः१)नगरपालिकाले निर्माण गरेको केन्द्रीकृत भान्छा घर सञ्चालन तथा व्यवस्थापनका लागि निजी क्षेत्र, सामुदायिक संस्था सरकारी/गैर सकारी संस्था एवं कानूनतः स्थापना भएका संस्थाहरुमार्फत सञ्चालन गर्न सकिनेछ।

२)सेवा प्रदायक संस्था छनोटको लागि नगरपालिकाले कम्तीमा १५ दिनको समय सीमा तोकि सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

३) उपदफा २ वमोजिम सूचना प्रकाशन गर्दा अनुसूची १ बमोजिमको मापदण्ड समेत उल्लेख गर्नुपर्नेछ।

४)केन्द्रीकृत भान्छा घर सञ्चालनका लागि प्रतिस्पर्धात्मक रुपमासंस्था छनोट गर्दा देहायकासूचकहरुकाआधारमा प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी सबै भन्दा बढी अङ्क प्राप्त गर्ने संस्था फर्म तथा निजी क्षेत्रलाई छनोट गरिनेछ।

सेवा प्रदायक संस्था छनौटका आधारहरुः

| मूल्याङ्कन सूचक | विवरण | | अधिकतम अंक |
|---|---|---|---|
| संस्थाको बैधता सम्बन्धी कागजातहरु | संस्थादर्ता प्रमाणपत्र ,मू अ कर, स्थायी लेखा नम्बर(प्यान), कर चुक्ता,नविकरणप्रमाणपत्र अनिवार्य भएको हुनुपर्ने | | १० |
| सेवा अनुभव | भान्छा घर/सामुदायिक भोजन व्यवस्थापनमा विगतको अनुभव (प्रति वर्ष २ अङ्क)<br>एकै पटकमा कम्तिमा २००० भन्दा बढी जनालाई खाजाउपलब्ध गराउन सक्ने क्षमता प्रमाणित भएको | | २० |
| कार्ययोजना | सेवा सञ्चालनको स्पष्ट कार्ययोजना, समय तालिका, जोखिम व्यवस्थापन तथा ढुवानी एवं वितरणको स्पष्ट आधार | १० | ३० |
| मानव संसाधन | कुक-१, सहायक कुक -१ र सहयोगी -४ जना र अन्य सहित न्यूनतम १० जना भएमा | १५ | |
| | कुक १, सहायक कुक १ र सहयोगी ४ जना र अन्य सहित न्यूनतम १२ जना भएमा | २० | |
| | कुक १, सहायक कुक १ र सहयोगी ४ जना र अन्य सहित न्यूनतम १५ जना भएमा | ३० | |

| मूल्याङ्कन सूचक | विवरण | अधिकतम अंक |
|---|---|---|
| | खाद्य प्राविधिमाप्रविणता प्रमाण पत्र तह वा सोसरह भएमा ७ अंक र खाद्य प्राविधिक/अधिकृत वा खाद्य प्रविधिमा स्नातक भएमा १० अंक | १० |
| सामुदायिक सहभागिता | स्थानीय समुदायसँग सहकार्यको योजना, समावेशीता प्रस्तावित जनशक्तिको कम्तीमा ५०% स्थानीय भएमा ५ अंक, ७५% भएमा ७ अंक र ९०% भन्दा बढी भएमा १० अंक | १० |
| गुणस्तर सुनिश्चितता विधि | संस्थाले खाद्य गुणस्तर प्रमाण पत्र प्राप्त गरेको | २० |
| कुल अंक | | १०० |

५.खाजाको मेनु निर्धारण: (१)सामुदायिक विद्यालयमा दिवा खाजा कार्यविधि तथा कार्यक्रम सहजीकरण पुस्तिका,२०७६(संशोधन समेत), दिवा खाजा प्रारुप २०८१ र विद्यालय दिवा खाजा व्यवस्थापन सहयोगी पुस्तिका, २०७७(संशोधन समेत)मा उल्लेखित खाजा मेनुलाई सन्दर्भका रूपमा लिई खाजाको मेनु निधार्रण गर्न सकिने छ।

(२)यस कार्यविधिलाई आधार लिई स्थानीय तहको आवश्यकता र उपलब्धता समेतलाई मध्य नजर गरी स्थानीय तहबाट खाजा मेनु विकास एवम् स्वीकृत गरी कार्यान्वयन गर्न सकिने छ।

## परिच्छेद ३

## जिम्मेवारी

६.नगरपालिकाकोजिम्मेवारी: (१)भान्छाघर सञ्चालनका लागि नगरपालिकाको जिम्मेवारी देहाय बमोजिमका रहनेछः

(क) केन्द्रीकृत भान्छा घरको सेवा क्षेत्र भित्रका विद्यालयलाई विद्यालय सञ्चालन भएको प्रतिदिन प्रति विद्यार्थीका दरले विद्यालयलाई प्रदान गरिने रकम उपलब्ध गराउनेछ।

(ख) संघीय सरकारले उपलब्ध गराएको बजेटका अतिरिक्त स्थानीय तहले आफ्नो थप स्रोत प्रयोग गर्नुपर्नेछ। यसका साथै प्रदेश सरकारसँग पनि स्थानीय तहले स्रोतमा साझेदारी गर्न सक्नेछन्।

(ग) स्थानीय तहले आफ्नो आन्तरिक स्रोत विनियोजन गरीअन्य कक्षाका विद्यार्थीलाई समेत खाजा कार्यक्रममा सहभागी गराउन सक्नेछन्।

(घ) केन्द्रीकृत भान्छा घर को लागि आवश्यक भौतिक पूर्वाधारको निर्माणको आवश्यकता भएमा स्थानीय तहलेगर्नेछ।

(ङ) नगरपालिकाले आफ्नो क्षेत्रभित्रका स्थानीय कृषि उत्पादक साना कृषक, कृषक समुह र कृषि सहकारीको सक्रियता सहभागिता र सहकार्यका लागिप्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(च) नेपाल सरकारको नीति अनुरुपको रकम नगरपालिकाले विद्यालयको विद्यार्थी संख्याको आधारमा विद्यालयलाई अनुदान उपलब्ध गराउनेछ।

(छ) बजारबाट आयातित तयारी खाजा वितरण गर्ने कुरालाई निरुत्साहित गर्न कार्यक्रम सञ्चालित गरिनेछ।

(ज) सामुदायिक विद्यालयमा वितरण भएको खाजाको गुणस्तर र मात्रामा एकरुपता कायम गराउने

(झ) सेवा प्रदायक संस्थालाई बार्षिक शैक्षिकक्यालेन्डर अनुसार विद्यालयले बार्षिक बिदा तथा आकस्मिक आइपर्ने बिदा अगावै जानकारी गराउनेछ,

(ञ) नगरपालिकाले समय समयमा केन्द्रिकृत भान्सा घरको साथै विद्यालयमा प्राप्त खाजाको सरसफाई,गुणस्तर र मात्रा लगाएका विषयमा स्थलगत अनुगमन गर्न सक्नेछ।

७.सेवा प्रदायक संस्थाको जिम्मेवारी: भान्छाघर सञ्चालनका लागि जिम्वारी पाउने सेवा प्रदायक संस्थाको जिम्मेवारी देहाय अनुसार हुनेछः

(क) पोषणयुक्त र गुणस्तरीय दिवाखाजा दैनिक तालिका अनुसार उपलब्ध गराउने,
(ख) भान्सा घर क्षेत्रमा स्वच्छ वातावरण कायम गर्ने,
(ग) विद्यालयसँग सम्झौता भए बमोजिम समयमै तोकिएको मात्रा र संख्यामा दिवाखाजा पुर्याइदिने,
(घ) दैनिक रुपमा विद्यालयगतरुपमा वितरण गरिएको दिवाखाजाको अभिलेख अद्यावधिक गर्ने,
(ङ) नगरपालिकाले अनुगमनको क्रममा दिएका सुझाव एवं निर्देशन पालना गर्ने,
(च) स्थानीय उत्पादनलाई प्रोत्साहन हुनेगरी उपलब्ध भएसम्म स्थानीय उत्पादनलाई खरिद गर्नुपर्ने।
(छ) सुरक्षा, सरसफाई,पानी ,बिजुलीर सामन्य मर्मतको व्यवस्थापन गर्नुपर्ने।
(ज) भान्छाघर दिवाखाजा बाहेक अन्य प्रयोजनको लागि प्रयोग नगर्ने।

८.विद्यालयको जिम्मेवारी/भूमिका

(क) लक्षित विद्यार्थीहरुको विवरण तयार गरी नगरपालिका र सेवा प्रदायक संस्थामा सम्प्रेषण गर्ने
(ख) दिवाखाजाको अनुदान नगरपालिकामा प्रत्येक महिनाको ७ गतेभित्र मासिक रुपमा माग गर्ने।सो माग फाराममा अघिल्लो महिनाको प्रगति विवरण समेत संलग्न गर्ने।
(ग) पठनपाठनमा बाधा नपर्ने गरी विद्यार्थीहरुलाई सहज रुपमा खाजा वितरण गर्ने
(घ) नगरपालिका वा अन्य सम्बध्द निकायले प्रदान गरेको निर्देशन पालना गर्ने।
(ङ) प्राप्त तयारी खाजा विद्यार्थीहरुलाई वितरणको व्यवस्था मिलाउने।
(च) विद्यालयमा दिवा खाजा व्यवस्थापनसम्बन्धी कार्यमा सहयोग गर्नको लागि विद्यालय व्यवस्थापन समितिले एकजनाशिक्षकलाई फोकल शिक्षकको रुपमा तोकि जिम्मेवारी प्रदान गर्ने।

९.विद्यालय व्यवस्थापन समितिको जिम्मेवारी

(१)केन्द्रीकृत भान्छा घरबाट उत्पादन हुने दिवा खाजा कार्यक्रममा आफ्नो विद्यालयलाई समावेश गराउन रविद्यालयमा प्राप्त खाजा प्रभावकारी रूपमा विद्यालयमा वितरण भए नभएको सम्बन्धमा अनुगमन गरी पृष्ठपोषण प्रदान गर्नको लागि विद्यालय व्यवस्थापन समिति जिम्मेवार हुनेछ।

(२) विद्यालय व्यवस्थापन समितिले मन्त्रालय एवम् केन्द्रले तोके बमोजिम खाजा व्यवस्थापन समितिबाट तयार गरी परिचालन गर्न सक्नेछ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

परिच्छेद४

## आर्थिक व्यवस्थापन

१०.आर्थिक व्यवस्थापनः (१)केन्द्रिकृत भान्छा घर सञ्चालनको लागि नेपाल सरकारवाट प्राप्त सशर्त अन्तर्गतकोरकमको अलावा नगरपालिकाले आन्तरिक वजेट तथा अन्य सरकार तथा संस्थासंगको लागत साझेदारी मार्फत स्रोतको व्यवस्थापन गर्न सक्नेछ।

(२)केन्द्रिकृत भान्छा घर सञ्चालन सम्बन्धमा भौतिकपूर्वाधार निर्माण,विस्तार तथा अन्य आवश्यक औजार उपकरण खरिद गर्नका लागि नगरपालिकाले आन्तरिक स्रोत एवं प्रदेश तथा विभिन्न संघ संस्थासंग लागत साझेदारी मार्फत गर्न सकनेछ।

(३)नगरपालिकाले सरकारी, निजी, गैह्रसरकारी निकायको लागतमा सम्बन्धित अभिभावक र परोपकारी संस्थाको स्रोत समेत उपयोग गरी सेवा विस्तारका लागि लगानी व्यवस्थापन गर्न सकिनेछ।

परिच्छेद५

## विविध

११.सूचना प्रकासन गर्नुपर्नेः विद्यालयलाई गुणस्तरिय र तोकिएको मापदण्ड बमोजिमको दिवाखाजा प्रदान गर्न इच्छुक संस्थाबाट निवेदन माग गर्ने १५(पन्ध्र) दिनेसूचना प्रकासन गर्नुपर्नेछ।

१२.साझेदारी गर्न सकिनेः

(१). दिवा खाजाको व्यवस्थापनका लागि केन्द्रीकृत भान्छा घरको स्थापना एवम् सञ्चालनका लागि नगरपालिकाले नेपाल सरकार, प्रदेश सरकारकाअतिरिक्त नगरपालिकाले पहिचान एवम् छनोट गरेका गैर सरकारीसंघ संस्था, विद्यालय, एवं कानूनतः स्थापित समूह र निजी क्षेत्रसंग साझेदारीगर्न सक्नेछ। यसरी गरिने साझेदारी भान्छा घर सञ्चालनका लागि मात्र हुनेछ।

(२) उप दफा (१) बमोजिमको साझेदारी गर्दा साझेदारहरूको भूमिका स्पष्ट रूपमा उल्लेख गरी लिखित रूपमा सम्झौता गर्नुपर्नेछ।

(३) स्वयम्‌सेवी संस्था वा स्वेच्छिक रूपमा सहायता दिन चाहने दाताहरूले पनि यस कार्यक्रम व्यवस्थापनमा सहयोग गर्न सक्नेछन्।

१३.मापदण्ड पूरा गर्नुपर्नेः (१)केन्द्रीकृत भान्छा घर सञ्चालन तथा व्यवस्थापनको लागि छनोटमा परेका संघ/संस्थाले यस कार्यविधिको अनुसूची१मा उल्लेख भए बमोजिमका मापदण्डका अतिरिक्त स्थानीय उत्पादनमा आधारित पोषणयुक्त विद्यालय दिवा खाजा प्रारुप, २०८१ मा उल्लेखित मापदण्ड समेत पुरा गरेको हुनुपर्नेछ। साथै नगरपालिकाको स्वस्थकर खाद्य पदार्थ खरिद तथा विक्रि वितरण सम्बन्धी नीति अनुरुप हुनु पर्नेछ।

१४.समन्वय तथा सहजीकरणः (१) यस कार्यविधि कार्यान्वयनको सन्दर्भमा नगरपालिकामा कुनै द्विविधा तथा समस्या उत्पन्न भएमा स्थानीय उत्पादनमा आधारित पोषणयुक्त विद्यालय दिवा खाजा प्रारुप , २०८१ ले व्यवस्था गरेका समितिबाट आवश्यक समन्वय तथा सहजीकरण हुनेछ।

२. भान्छाघर सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा महाशाखाले निरन्तर अनुगमन गर्नेछ।

३.सेवा प्रदायक संस्था एवम् सहयोगी संस्थाहरुले नगरपालिकासँग महाशाखा मार्फत समन्वय गर्नुपर्नेछ

स्थानीय सरकार भरतपुर थिमि नगरपालिका २०७३

भोज राज घिमिरे प्रशासकीय अधिकृत

अनुसूची १

केन्द्रीकृत भान्छाघरसञ्चालन मापदण्ड

| पक्ष | मापदण्ड |
| --- | --- |
| भान्छा घरको स्वच्छता एवम् उपयोग | १. खाद्य सुरक्षा तथा स्वच्छताको सुनिश्चितता भएको।<br>२. सुरक्षित रूपमा खाना पकाउने र खाद्य सामग्री भण्डारण गर्ने व्यवस्था भएको।<br>३. भान्छामा खाद्य सामग्री र खानाका परिकार दुषित एवम् विषाक्तयुक्त नभएको।<br>४. भान्छा घरको भूईं, भित्ता तथा छत लगायत कुनै पनि स्थानमा फोहोर जम्मा नहुने सुनिश्चितता भएको।<br>५. उत्पादित फोहोर पानी तथा उत्पादित फोहर मैला निकासको उचित व्यवस्थापनभएको।<br>६. खाना तयार गर्न निश्चित सङ्ख्यामा विद्युतीय/ग्याँस/चुलोको व्यवस्था भएको।<br>७. दिवाखाजा निर्माण गर्ने प्रयोजन बाहेक अन्य प्रयोजनका लागि भान्छाघर प्रयोग गर्न पाइने छैन। |
| खाद्यान्न भण्डारण | १. बिभिन्न प्रकारका खाध बस्तुहरुलाई छुट्याएर राखिएको।<br>२. सुरक्षित भण्डारणको व्यवस्था गर्नुपर्ने।<br>३. खाद्यान्न भण्डार कक्षमा कुनै किसिमको रसायनिक पदार्थ नभएको।<br>४. खाद्य सामग्रीको गुणस्तरठिक छ, छैन भनी सुनिश्चित भएको।<br>५. "पहिले ल्याएको सामग्री पहिले (First in First Out)" तथा "पहिले म्याद नाघ्न लागेको (First Expiry First Out) सामग्री पहिले खर्च" गर्ने सिद्धान्त अनुसार भण्डारणको व्यवस्था मिलाएको। |
| सरसफाई तथा स्वच्छता एवम् जनशक्ति व्यवस्थापन | १. भान्छामा स्टेनलेस स्टील( Stainless Steel )तत्वबाट बनेका भाँडा(Container) को प्रयोग भएको।<br>२. दैनिक रुपमा खाना पकाउने ठाउँ र भाँडाको सरसफाई भएको।<br>३. भान्छा-घरमा प्रयोग गर्ने पानी सफा र स्वच्छभएको।<br>४. खाना पकाउन प्रयोग हुने सबै सामग्रीको राम्रो जाँच भएको।<br>५. सडेगलेको, ढुसी र कीरा परेको खाध पदार्थ प्रयोग नभएकोसुनिश्चितता भएको।<br>६. खाजा राम्रोसंग पकाएको।<br>७. पकाएको र नपकाएको खाद्य पदार्थ छुट्याएर राख्ने गरिएको ।<br>८. खाना तयार गर्दा एप्रोन तथा टाउकोमा टोपीको प्रयोग भएको।<br>९. दैनिक नियमित सरसफाइका अलावा सातामा एकपटक भान्छाको विस्तृत सरसफाइ भएको।<br>१०. भान्छा सञ्चालन तथा व्यवस्थापनका लागि चाहिने आवश्यक न्यूनतम जनशक्ति आफैले व्यवस्थापन गर्नुपर्ने।<br>११. भान्छा सञ्चालन तथा व्यवस्थापनमा खटिने सम्पूर्ण व्यक्तिहरुको स्वास्थ्य जाँच भई दिवाखाजा पकाउनको लागि योग्य भएको हुनुपर्ने। |

| | |
|---|---|
| | १२ मध्यपुर थिमि खाद्य सुरक्षा तथा पोषण नीतिले निर्दिष्ट गरेको गुणस्तर पोषणयुक्त खाजाको व्यवस्था गर्नुपर्ने। |
| खाजा तयारी | १. यस कार्यविधिको अनुसूची२ मादिइएअनुसार कार्बोहाइड्रेट, प्रोटिन, भिटामिन र खनिजयुक्त सन्तुलित खाजा तयार भएको।<br>२. ताजा तरकारी, फलफूल, अन्न, दलहन, दूध आदि जस्ता पोषणयुक्त र ताजा सामग्री प्रयोग भएको।<br>३. खाजामा कृत्रिम रङको प्रयोग नभएको।<br>४. खाजा उचित तापमानमा राखिएको र ताजा रुपमा वितरण गरिएको।<br>५. स्थानीय उत्पादनको प्रयोग गरी खाजा तयारगर्न प्रोत्साहनगरिएको। |
| खाजा प्याकिङ | १. खाजा प्याकिङ्गको लागि प्रयोग गरिएका भाँडा, प्याकिङ्ग सामग्री र उपकरणहरू निसंक्रमित भएको।<br>२. खाजा तयार गरेपछि सकेसम्म चाँडो प्याक गर्नुपर्छ ताकि खाजाको ताजगी र पोषण कायम रहोस्।<br>३. खाजा प्याकिङ्गमाविशेष किसिमका प्याकिङ्ग सामग्रीहरू(लीक-प्रूफ कन्टेनरहरू) प्रयोग गरिएको।<br>४. खाजा प्याकिङ्गमा वातावरणमैत्री सामग्री प्रयोग भएको।<br>५. खाजाकोप्याकिङ्गखोल्दा सजिलै खान मिल्ने र सुरक्षित भएको सुनिश्चितता भएको।<br>६. खाजा प्याकिङ्गमा लेबलिङ्ग गरिएको। |
| संकलितखाद्य सामग्री सुरक्षा | १. खाद्य प्रशोधनमा संलग्न व्यक्तिहरूको व्यक्तिगत स्वच्छतामा ध्यान दिएको।<br>२. खाद्य उत्पादन र प्रशोधन स्थलहरूको नियमित सफाइ र कीटाणुनाशकको प्रयोग भएको।<br>३. कच्चा सामग्रीको गुणस्तर परीक्षण गरेर मात्र खाजा तयारीमा प्रयोग गरिएको।<br>४. उत्पादन प्रक्रियामा तापक्रम, भण्डारण, प्याकेजिङ लगायतका विषयमा सही रूपमा व्यवस्थापन भएको।<br>५. खाना बनाउन, प्याक गर्न, र भण्डारण गर्दा जैविक (ब्याक्टेरिया, भाइरस), भौतिक (धुलो, बालुवा, हाडखोर) र रासायनिक प्रदूषणबाट जोगाउने प्रक्रिया अपनाएको।<br>६. दुध, मासु, माछा, अण्डा जस्ता चिसोमा राख्नुपर्ने खानालाई ५ °C भन्दा कम तापक्रममा फ्रिज वा रेफ्रिजरेटरमा भण्डारण गरिएको।<br>७. उपभोक्ताहरूलाई खाद्य सुरक्षाबारे जानकारी गराउने कार्यक्रमहरू सञ्चालन गरिएको। |

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची–२

क. ४ देखि ६ वर्ष उमेरका बालबालिकाका दैनिक आवश्यक खाजाबाट आपूर्ति हुनुपर्ने बृहत् र सूक्ष्म पोषक तत्त्वको राष्ट्रिय मापदण्ड अनुरूपको मात्रा

| पोषक तत्त्व | दैनिक अवश्यक पोषक तत्त्वको मात्रा(४-९ वर्ष उमेर समूह) | नेपालका बालबालिकाका लागि न्यूनतम दिवा खाजाबाट आपूर्ति हुनुपर्ने पोषक तत्त्वको मात्रा (३०%) |
|---|---|---|
| बृहत् पोषक तत्त्व | | |
| क्यालोरी | १८५० | ५५५ |
| प्रोटिन | ५७ | १७ |
| फ्याट (ग्राम) | ४८ | १४ |
| सूक्ष्म पोषक तत्त्व | | |
| आयोडिन (माइक्रोग्राम) | १२० | ३६ |
| आइरन (मिलिग्राम) | १७.८ | ५.४ |
| जिङ्क | ११.२ | ३.४ |
| भिटामिन ए | ३३ | ११ |
| भिटामिन बि | १२ | ४.१ |

*स्रोतः दैनिक अवश्यक पोषक तत्त्वको मात्राविश्व खाद्य सङ्गठनबाट प्रकाशित सामग्रीबाट*

*ख. ४ देखि १० बर्षको बालबालिकालाई कम्तिमा एक खाजा (दिवा खाजा) को मात्रा १५० ग्राम हुनु पर्दछ जसमध्ये अन्न समूहबाट ५० देखि ६० ग्राम, गेडागुडीबाट ४० देखि ५० ग्राम, तरकारी र फलफूल बाट ४० देखि ५० र पशुजन्यबाट ३० देखि ४० ग्राम हुनुपर्ने*

**निर्णय नं ९ :**

यस नगरपालिका वडा नं ७ नगदेश ध्वाकासी स्थित पार्कको सिमा पर्खाल भत्केको कारण तत्काल मर्मत तथा निर्माण गर्न पर्ने देखिएकोले प्राविधिकबाट पेश हुन आएको रु. ८,२८,६१७।२८ (अक्षरेपी आठलाख अठाईस हजार छ सय सत्र रुपैया अठाईस पैसा मात्र) को ल.ई स्विकृत गरी यस नगरपालिकाको विपद व्यवस्थापन कोष शीर्षकबाट खर्च व्यहोर्ने गरी सो निर्माण कार्य गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरीयो ।

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

निर्णय नं १०:

गत आ.बमा विविध प्राविधिक / प्रशासनिक कारणले भुक्तानी हुन् नसकी भुक्तानी बाकी रहेका निम्न बमोजिमका म.ले.प.फा.नं १८ को विवरण स्वीकृत गर्ने निर्णय गरियो ।

## तपसिल

म.ले.प.फारम नं: २२१
साबिकको फारम नं:१८

स्थानीय तह

मध्यपुर थिमि नगरकार्यपालिकाको कार्यालय

कार्यालय कोड नं.:८०१०३३३०३

भुक्तानी दिन बाँकीको खाता तथा कच्चाबारी

बजेट उपशीर्षक नं — मध्यपुर थिमि नगरपालिका — आर्थिक बर्ष २०८१।२०८२

| | दायित्व सृजना भएको मिति | कारोबार संकेत नं* | खर्च उपशीर्षक | कार्यक्रमको नाम | कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बांकी रकम | भुक्तानी बाँकी रहनुको कारण |
|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| १ | ०३/२४/२०८१ | | २२५१२ | घरभाडा प्राणोदय आ.वि. | प्राणोदय आ.वि. संचालनका लागि भाडामा लिएको घरको बैशाख महिनाको घरभाडा छुट भएको। | सहदेव मानन्धर | ८०,००० | भूलवंश छुट भएको। |
| २ | ०९/०१/२०८१ | | २२१११ | पारिश्रमिक कर्मचारी | सरुवा भइ आए पश्चात ग्रेड छुट हुन गएको | सुन्दर लाल श्रेष्ठ | १००,००० | भूलवंश छुट भएको। |
| ३ | ०३/२३/२०८१ | | ३११५९ | क्याकुता निर्माण | क्याकुता निर्माण | क्याकुता निर्माण उपभोक्ता समिति | १,२६,००० | भूलवंश छुट भएको। |
| ४ | ०३/१३/२०८१ | | | टुहुरा चलचित्र प्रदर्शन कार्यक्रम | म.थि.न.पा क्षेत्रभित्र का ४ विद्यालयमा टुहुरा चलचित्र प्रदर्शन गर्ने कार्यक्रम रहेको। | यमर फील्म प्रोडक्सन प्रा.लि. | १०७००० | आवश्यक सम्पूर्ण कागजात प्राप्त नभएकाले भुक्तानी हुन नसकेको |

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७२

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ०२/०७/२०८१ | | ३११५९ | सानो थिमि पर्यटकीय सडक गुरु योजना | सानो थिमि क्षेत्रको दुवै तर्फ पर्यटकीय सडक निर्माण | सानो थिमि पर्यटकीय सडक गुरु योजना निर्माण उपभोक्ता समिति | ४०,००,००० | कार्य सम्पन्नको लागि न.पा.मा माग समयमा नहुनु र अन्य प्राविधिक कारण |
| ६ | ०२/२६/२०८१ | | ३११५९ | upgradation of road at reyukai&namuna basti dakshintarfa dhalan | upgradation of road at reyukai&namuna basti dakshintarfa dhalan | | ९,००००० | कार्यस म्पन्नको लागि न.पा.मा माग समयमा नहुनु र अन्य प्राविधिक कारण |
| ७ | ०२/२६/२०८१ | | ३११५९ | गाखु राजारामको घर पूर्व तर्फ बाटो स्तरोन्नती | गाखु राजारामको घर पूर्व तर्फ बाटो स्तरोन्नती | प्रधान ब्रदर्श कन्सट्रसन एण्ड सप्लायर्स प्रा.लि. | ९,७०,००० | कार्य सम्पन्नको लागि न.पा.मा माग समयमा नहुनु र अन्य प्राविधिक कारण |
| ८ | | | ३११५९ | पलेक्षा पूखू सफाइ | पलेक्षा पुखुँ सफाइ माटो निकाल्ने कार्य | | ५,५०,००० | कार्यसम्पन्नको लागि न.पा.मा माग समयमा नहुनु र अन्य प्राविधिक कारण |
| ९ | | | २२५१२ | घरभाडा- शहरी स्वास्थ निकोसेरा | घरभाडा- शहरी स्वास्थ निकोसेरा | कृष्ण प्यारी कासुला | १,६१,००० | माग समयमा नभएकाले भुल बश १ वर्षको घरभाडा छुट भएको |
| १० | | | | घरभाडा-वडा कार्यालय ४ | घरभाडा-वडा कार्यालय ४ | श्याम बहादुर श्रेष्ठ | ५१,००० | माग समयमा नभएकाले भुल बश ३ महिनाको घरभाडा छुट भएको |
| ११ | ०३/०८/२०८१ | | ३११५९ | upgradation of road at sundarnagar,near CVM &Namunabasti (girikoghar) | वडा नं ३ स्थित सुन्दरनगर सडक स्तरोन्नती,सिभियम स्कुल को तल्लो गल्ली स्तरोन्नती र नमूना बस्ती गिरिको घर अगाडीको बाटो स्तरोन्नती | प्रियनसी कन्सट्रक्शन भक्तपुर | ९,२५,००० | कार्य सम्पन्नको लागि न.पा.मा माग समयमा नहुनु र अन्य प्राविधिक कारण |
| १२ | १०/३०/२०८१ | | २२५२२ | अभिभावक विहिन बालबालिका संरक्षण कार्यक्रम | प्रदेश सरकार द्वारा हस्तान्तरित अभिभावक विहिन बालबालिका संरक्षण कार्यक्रम | कृष्ण केशरी प्रजापति - ऐना प्रजापति | १०००० | भुल बश ५ महिनाको भर्पाई पेश हुन छुट भएको |

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३ | १०/३०/२०८१ | | २२५२२ | अभिभावक विहिन बालबालिका संरक्षण कार्यक्रम | प्रदेश सरकार द्वारा हस्तान्तरित अभिभावक विहिन बालबालिका संरक्षण कार्यक्रम | याम बहादर सुनार-आभास सुनार | १०००० | भुल बश ५ महिनाको भर्पाई पेश हुन छुट भएको |
| १४ | १०/३०/२०८१ | | २२५२२ | अभिभावक विहिन बालबालिका संरक्षण कार्यक्रम | प्रदेश सरकार द्वारा हस्तान्तरित अभिभावक विहिन बालबालिका संरक्षण कार्यक्रम | अष्ट बहादुर शाही-रसु शाही | १०००० | भुल बश ५ महिनाको भर्पाई पेश हुन छुट भएको |
| | जम्मा | | | | | | ८०,००००० | |

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत